स्थानीय सरकार

# राक्सिराङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चैनपुर, मकवानपुर

अध्यक्ष:-९८५५०७७६०१
प्र.प्र.अ:-९८५५०८८८६६
www.raksirangmun.gov.np
info@raksirangmun.gov.np
raksirang.rmc@gmail.com
बागमती प्रदेश, नेपाल

प.सं.- ०८२/८३ च.नं.-

मिति:२०८२/०८/२१
ने. सं. ११४६ थिंलागा, ३ आइतबार

**<u>विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।</u>**

**श्री यो जो जससँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका अन्तर्गत श्री प्राथमिक विद्यालय रानिवाङ्, राक्सिराङ्ग-५, मकवानपुरमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ३६, मिति २०८२/०८/१७ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>पुनश्चः</u>**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreeprimaryschoolranibang@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

.........................
गोविन्द अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थः</u>**

श्री शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडा।
श्री प्राथमिक विद्यालय रानिवाङ्, राक्सिराङ्ग-५, मकवानपुर।
श्री सूचना प्रविधि शाखा (सूचना वेबसाइटमा प्रविष्ट गरिदिनु हुन।)